# नेपाल धितोपत्र बिनिमय बजार लिमिटेड

# Nepal Stock Exchange Limited

(नेपाल सरकारको स्वामित्व भएको)


पत्र संख्या :
**Ref No. 4-NEPSE-PO-Press-064/65**

## प्रेश विज्ञप्ति

यस धितोपत्र बजारमा सूचिकृत संस्थापक शेयरको कारोवार मूल्य खरीदकर्ता र विक्रीकर्ताको आपसी मोलतोलबाट तोकिने र यस्तो मूल्य साधारणतया सर्वसाधारणलाई विक्री गरेको शेयरको मूल्य भन्दा भिन्न अर्थात कम हुने भएतापनि यस्तो संस्थापक शेयरको कारोबार साधारण शेयरको बजार मूल्यको आधारमा गर्न गराउनुपर्ने बाध्यात्मक व्यवस्थाबाट संस्थापक शेयर निर्वाधरुपमा बजारमा आई कारोबार हुन समस्या परिरहेको यथार्थलाई मध्यनजर गर्दै यस व्यवस्थालाई समयानुकुल गरी आज मिति २०६४/१२/१८ देखि यसको छुट्टै कारोवार शुरुवात गरिएको व्यहोरा यस विज्ञप्ति मार्फत जानकारी गराइन्छ ।

साधारणतया संस्थापक शेयरको कारोवार चुक्ता पूँजीको ५ प्रतिशत भन्दा वढी शेयर एकै लटमा कारोवार हुने भए धितोपत्र वजारको स्वीकृतिमा सदस्य दलाल मार्फत हुनसक्ने प्रावधानलाई २ प्रतिशतमा झारी यसलाई अझ बढी प्रभावकारी तथा व्यवहारिक बनाउने प्रयास गरिएको छ ।

धितोपत्र बजारले नेपाल धितोापत्र वोर्डको स्वीकृति तथा नेपाल सरकार, अर्थमन्त्रालयको सहमतीमा संस्थापक शेयरको प्रथम कारोवारका लागि देहाय अनुसारको न्यूनतम मूल्य सीमा तोकी कारोवार हुने व्यवस्था गरेको छ ।

- खुद सम्पति सकारात्मक (**Positive Net Worth**) भएको कम्पनीको हकमा नेटवर्थको आधारमा गणना गरिएको कितावी मुल्य (**Book Value**) को पाँच गुणा वा साधारण शेयरको बजार मूल्यको ५० प्रतिशत (यस प्रयोजनाका लागि बजार मुल्य भन्नाले कारोबार भएको दिनको वा सो दिन कारोबार नभएको भए लगत्तै अघिल्लो दिनको भारित औषत कारोबार मूल्य बुझिनेछ) मध्ये जुन कम हुन्छ सो मूल्यमा वा सो भन्दा बढी मूल्यमा कारोबार गर्न सकिने छ । तर यसरी कायम हुन आउने मूल्य शेयरको अंकित मूल्यभन्दा कम हुने छैन ।

- खुद सम्पत्ति ऋणात्मक भएको कम्पनीको हकमा १८० दिनको औषत (शाधारण शेयरको) बजार मूल्यको ५० प्रतिशत वा बजार मूल्यको ५० प्रतिशत मध्ये जुन कम हुन्छ सो मूल्यमा कारोबार गर्न सकिने छ ।

उपर्युक्त व्यवस्था अनुसार कारोबार गराउदा घरायसी खरीदविक्री, कम्पनी नै खरिदविक्री गर्ने जस्ता नराम्रा परिपाटी हट्न जानुका साथै नेपाल राष्ट्र बैकको निर्देशानुसार बैंक तथा वित्तीय संस्थाको शेयरको संस्थापक शेयरको क्रस होल्डीङ्गमा कमी आई कारोबार संख्या र परिमाणमा उल्लेख्य बृद्धि भई धितोपत्र बजार गतिशील हुने विश्वास लिइएको छ । यस व्यवस्था कार्यान्वयनमा ल्याएको पहिलो दिन दुई वटा सूचीकृत कम्पनी एल्पीक एभरेष्ट फाईनान्स कम्पनी लिमिटेड र माछापुच्छ्रे बैंक लिमिटेडको कारोवार भएको छ । यस अनुसार एल्पीक एभरेष्ट फाईनान्स कम्पनी लिमिटेडको प्रति शेयर रु.१०६ को दरले रु.१ करोड २५ लाख ८ हजार वरावरको १ लाख १८ हजार कित्ता शेयर र माछापुच्छ्रे बैंक लिमिटेडको प्रति शेयर रु.५०० को दरले रु.१२ करोड ५७ लाख ५ हजार वरावरको २ लाख ५१ हजार ४ सय १० कित्ता शेयर कारोबार भयो ।

मिति २०६४/१२/१८

(मुराहरि पराजुली)
अधिकृत
सुपरिवेक्षण, सूचिकरण तथा वित्त विभाग


पो. ब. नं. १५५०, सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल ।
**Tel.: 4250758 & 4250735 Fax: 4262538**
**E-mail : nepse@ntc.net.np**